# कुम्मायक गाउँपालिका

## स्थानीय राजपत्र


खण्डः१०　　　　संख्याः१　　　　मितिः२०८३/०३/३१

भाग- २


### कुम्मायक गाउँपालिकाको २०औं गाउँसभाको बैठक निर्णय २०८३

गाउँ सभाको निर्णय मिति: २०८३/०३/२९

प्रमाणिकरण मिति: २०८३/०३/३१

गाउँसभा तथा नगरसभा सञ्चालनका लागि व्यवस्था गर्न बनेको ऐन २०७५ बमोजिम कुम्मायक गाउँपालिकाको गाँउ सभाले २०औं गाउँ सभाको बैठकको निर्णयहरु सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

आज्ञाले,

जय नारायण खनाल

प्रमुख प्रशासकीय अधिकृत

कुम्मायक गाउँपालिकाको २० औं गाउँसभाको अधिवेशन मिति २०८३ असार १० गते कुम्मायक गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री वम प्रसाद लावती ज्यूको अध्यक्षतामा कुम्मायक गाउँपालिकाको सभाहलमा देहायको उपस्थितिमा निम्न बमोजिम निर्णय गरी सम्पन्न गरियो ।

**उपस्थिति :**

| क्र. स. | जनप्रतिनिधिको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | वम प्रसाद लावती | अध्यक्ष | |
| २ | महेन्द्र बहादुर खड्का | उपाध्यक्ष | |
| ३ | देवेन्द्र कुमार लावती | गाउँ सभा सदस्य | |
| ४ | बाल कृष्ण सेर्मा | गाउँ सभा सदस्य | |
| ५ | बाबुराम कार्की | गाउँ सभा सदस्य | |
| ६ | फगेन्द्र कुमार सम्बाहाम्फे | गाउँ सभा सदस्य | |
| ७ | निर्मल राज घिमिरे | गाउँ सभा सदस्य | |
| ८ | इन्द्रश्वरी विश्वकर्मा | गाउँ सभा सदस्य | |
| ९ | गंगा देवी बोहोरा | गाउँ सभा सदस्य | गंगा |
| १० | धन माया तामाङ | गाउँ सभा सदस्य | धनमाया |
| ११ | वेदमाया चापागाई | गाउँ सभा सदस्य | |
| १२ | डिक बहादुर दर्जी | गाउँ सभा सदस्य | |
| १३ | लक्ष्मी नेपाली | गाउँ सभा सदस्य | |
| १४ | इन्द्र कला लावती | गाउँ सभा सदस्य | |
| १५ | ईन्द्र माया नेपाली | गाउँ सभा सदस्य | इन्द्र माया |
| १६ | मन कुमारी शेर्मा | गाउँ सभा सदस्य | मनकुमारी शेर्मा |

प्रमाणित

## पहिलो बैठक

***प्रस्ताव नं १***- आ.व.२०८३/०८४ को बार्षिक नीति पारित सम्बन्धमा।

**निर्णय नं १**- प्रस्ताव नं १ माथी २०औं गाउँ सभाको अधिवेशनमा छलफल हुँदा गाउँपालिका सभाध्यक्ष श्री बंम प्रसाद लावतीले आ.व. २०८३/०८४ को वार्षिक नीति पारित गरियोस भनी राखेको प्रस्ताव सर्वसहमतबाट पारित गर्ने निर्णय गरयो।

***प्रस्ताव नं २***- आ.व. २०८३/०८४ को बजेट पारित सम्बन्धमा।

**निर्णय नं २**- प्रस्ताव नं २ माथी २०औं गाउँ सभाको अधिवेशनमा छलफल हुँदा गाउँपालिका उपाध्यक्ष श्री महेन्द्र बहादुर खड्काले सभामा प्रस्तुत गर्नु भएको आ.व. २०८३/०८४ को वार्षिक बजेटलाई पारित गरियोस भनी सभाध्यक्ष श्री वंम प्रसाद लावतीले राखेको प्रस्ताव सर्वसहमतबाट पारित गर्ने निर्णय गरियो।

***प्रस्ताव नं ३***- कार्यलय सहयोगीहरुको तलव समायोजन सम्बन्धमा।

**निर्णय नं ३**- प्रस्ताव नं ३ माथी २०औं गाउँ सभाको अधिवेशनमा प्रस्तुत वजेट वक्तव्यमा कुम्मायक गाउँपालिका र मातहतका कार्यालयहरुमा कार्यरत करार सेवाका कार्यालय सहयोगीहरुले खाइपाई आएको मासिक तलवमानमा रू.४५००।- थप गरि तलब समायोजन गर्ने निर्णय सर्वसहमतबाट पारित गर्ने निर्णय गरयो।

***प्रस्ताव नं ४***- विद्यालयहरुको भाषा शिक्षकहरुको तलव समायोजन सम्बन्धमा।

**निर्णय नं ४**- प्रस्ताव नं ४ माथी २०औं गाउँ सभाको अधिवेशनमा प्रस्तुत वजेट वक्तव्यमा कुम्मायक गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा कार्यरत भाषा शिक्षकहरूले खाइपाई आएको मासिक तलवमानमा रू.५०००।- थप गरि तलब समायोजन गर्ने निर्णय सर्वसहमतबाट पारित गर्ने निर्णय गरयो।

***प्रस्ताव नं ५***- २०औं गाउँ सभाको दोस्रो बैठक सम्बन्धमा।

**निर्णय नं ५**- प्रस्ताव नं ५ माथी छलफल हुँदा २०औं गाउँ सभाको दोस्रो बैठक मिति २०८३ असार २९ गते बस्ने गरी आजको बैठक स्थगन गर्ने निर्णय गरियो।

प्रमाणित

बम प्रसाद लावती
अध्यक्ष

कुम्मायक गाउँपालिकाको २० औ गाउँसभाको अधिवेशनको दोस्रो बैठक मिति २०८३ असार २९ गते कुम्मायक गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री वम प्रसाद लावती ज्यूको अध्यक्षतामा कुम्मायक गाउँपालिकाको सभा हलमा देहायको उपस्थितिमा निम्न बमोजिम निर्णय गरी सम्पन्न गरियो ।

**उपस्थिति :**

| क्र. स. | जनप्रतिनिधिको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | वम प्रसाद लावती | अध्यक्ष | |
| २ | महेन्द्र बहादुर खड्का | उपाध्यक्ष | |
| ३ | देवेन्द्र कुमार लावती | गाउँ सभा सदस्य | |
| ४ | [illegible] कृष्ण सेर्मा | गाउँ सभा सदस्य | |
| ५ | बाबुराम कार्की | गाउँ सभा सदस्य | |
| ६ | फगेन्द्र कुमार सम्बाहाम्फे | गाउँ सभा सदस्य | |
| ७ | निर्मल राज घिमिरे | गाउँ सभा सदस्य | |
| ८ | इन्द्रश्वरी विश्वकर्मा | गाउँ सभा सदस्य | |
| ९ | गंगा देवी बोहोरा | गाउँ सभा सदस्य | |
| १० | धन माया तामाङ | गाउँ सभा सदस्य | धनमाया |
| ११ | वेदमाया चापागाई | गाउँ सभा सदस्य | |
| १२ | डिक बहादुर दर्जी | गाउँ सभा सदस्य | |
| १३ | लक्ष्मी नेपाली | गाउँ सभा सदस्य | |
| १४ | इन्द्र कला लावती | गाउँ सभा सदस्य | |
| १५ | ईन्द्र माया नेपाली | गाउँ सभा सदस्य | इन्द्रमाया |
| १६ | मन कुमारी शेर्मा | गाउँ सभा सदस्य | |

प्रमाणित

| | | | |
|---|---|---|---|
| १७ | अम्बर पौडेल | गाउँ सभा सदस्य | |
| १८ | दिल माया नेम्वाङ | गाउँ सभा सदस्य | |
| १९ | सञ्च माया गजमेर | गाउँ सभा सदस्य | |
| २० | लाल कुमार शेर्मा | गाउँ सभा सदस्य | |
| २१ | तारा बीर कुँवर | गाउँ सभा सदस्य | |
| २२ | मंगली गदाल | गाउँ सभा सदस्य | |
| २३ | हरी प्रसाद ढुङ्गाना | गाउँ सभा सदस्य | |
| २४ | पुर्ण बहादुर दाहाल | गाउँ सभा सदस्य | पुर्ण |
| २५ | बिमला नेपाली | गाउँ सभा सदस्य | बिमला |
| २६ | लक्ष्मण सम्बाहाम्फे | गाउँ सभा सदस्य | |
| २७ | छवि लाल लिम्बु | गाउँ सभा सदस्य | |
| २८ | ईन्द्र प्रसाद चेम्जोङ | गाउँ सभा सदस्य | |
| २९ | सुरेन्द्र पौडेल | गाउँ सभा सदस्य | |
| ३० | जय नारायण खनाल | गाउँ सभा सचिव | |

प्रमाणित

| | | | |
|---|---|---|---|
| १७ | अम्बर पौडेल | गाउँ सभा सदस्य | |
| १८ | दिल माया नेम्वाङ | गाउँ सभा सदस्य | |
| १९ | सञ्च माया गजमेर | गाउँ सभा सदस्य | |
| २० | लाल कुमार शेर्मा | गाउँ सभा सदस्य | |
| २१ | तारा बीर कुँवर | गाउँ सभा सदस्य | |
| २२ | मंगली गदाल | गाउँ सभा सदस्य | |
| २३ | हरी प्रसाद ढुङ्गाना | गाउँ सभा सदस्य | |
| २४ | पुर्ण बहादुर दाहाल | गाउँ सभा सदस्य | |
| २५ | बिमला नेपाली | गाउँ सभा सदस्य | |
| २६ | लक्ष्मण सम्बाहाम्फे | गाउँ सभा सदस्य | |
| २७ | छवि लाल लिम्बु | गाउँ सभा सदस्य | |
| २८ | ईन्द्र प्रसाद चेम्जोङ | गाउँ सभा सदस्य | |
| २९ | सुरेन्द्र पौडेल | गाउँ सभा सदस्य | |
| ३० | जय नारायण खनाल | गाउँ सभा सचिव | |

प्रमाणित

## दोस्रो बैठक

***प्रस्ताव नं १***- कुम्मायक गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३ सम्बन्धमा ।

**निर्णय नं १-** प्रस्ताव नं १ माथी २०औं गाउँ सभाको दोस्रो बैठकमा छलफल हुँदा गाउँपालिका उपाध्यक्ष श्री महेन्द्र बहादुर खड्काले सभामा प्रस्तुत गर्नु भएको **"कुम्मायक गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३"** पारित गरियोस भनी सभाध्यक्ष श्री वंम प्रसाद लावतीले राखेको प्रस्ताव सर्वसहमतबाट पारित गर्ने निर्णय गरियो ।

***प्रस्ताव नं २***- कुम्मायक गाउँपालिकाको सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०८३ सम्बन्धमा ।

**निर्णय नं २-** प्रस्ताव नं २ माथी २०औं गाउँ सभाको दोस्रो बैठकमा छलफल हुँदा गाउँपालिका उपाध्यक्ष श्री महेन्द्र बहादुर खड्काले सभामा प्रस्तुत गर्नु भएको **"कुम्मायक गाउँपालिकाको सेवा र कार्यहरुको लागी स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०८३"** पारित गरियोस भनी सभाध्यक्ष श्री वंम प्रसाद लावतीले राखेको प्रस्ताव सर्वसहमतबाट पारित गर्ने निर्णय गरियो ।

***प्रस्ताव नं ३***- राजश्व परामर्श समितिको बार्षिक प्रतिवेदन २०८३ पारित सम्बन्धमा ।

**निर्णय नं ३-** प्रस्ताव नं ३ माथी २०औं गाउँ सभाको अधिवेशनमा छलफल हुँदा गाउँपालिका उपाध्यक्ष श्री महेन्द्र बहादुर खड्काको आदेशले ५ नं वडा अध्यक्ष तथा राजश्व परामर्श समितिका सदस्य श्री निर्मलराज घिमिरेले सभामा प्रस्तुत गर्नु भएको राजश्वको वार्षिक प्रतिवेदन २०८३ लाई पारित गरियोस भनी सभाध्यक्ष श्री वंम प्रसाद लावतीले राखेको प्रस्ताव सर्वसहमतबाट पारित गर्ने निर्णय गरियो ।

***प्रस्ताव नं ४***- कुम्मायक गाउँपालिकाको आ.व. २०८२/०८३ को खर्च अनुमोदन गर्ने सम्बन्धमा।

**निर्णय** नं ४- प्रस्ताव नं ४ माथी २०औं गाउँ सभाको दोस्रो बैठकमा छलफल गर्दा सभाध्यक्ष श्री वंम प्रसाद लावतीले कुम्मायक गाउँपालिकाको आ.व. २०८२/०८३ को चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थापन खर्च अनुमोदन गरियोस भनी राखेको प्रस्ताव सर्वसहमतबाट खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

***प्रस्ताव नं ५***- निर्णय अनुमोदन गर्ने सम्बन्धमा।

**निर्णय नं ५-** प्रस्ताव नं ५ माथी २०औं गाउँ सभाको दोस्रो बैठकमा छलफल गर्दा सभाध्यक्ष श्री वंम प्रसाद लावतीले कुम्मायक गाउँपालिका, गाउँ कार्यपालिकाले आ.व. २०८२/०८३ मा गरेका निर्णयहरु, स्रोत अनमुान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, वडा कार्यलयबाट भएका निर्णयहरु, न्यायीक समितिबाट भएका निर्णयहरु, विषयगत समितिहरुबाट भएका निर्णयहरु, अनुगमन समितिबाट भएका निर्णयहरु, राजश्व परामर्श समितिबाट भएका निर्णयहरु, लेखा

प्रमाणित

बम प्रसाद लावती
अध्यक्ष

समितिबाट भएका निर्णयहरु, बिभिन्न शाखाहरुबाट भएका निर्णयहरु र अन्य बिभिन्न समितिहरुबाट भएका निर्णयहरु अनुमोदन गरियोस भनी राखेको प्रस्ताव सर्वसहमतबाट अनुमोदन गर्ने निर्णय गरियो ।

*प्रस्ताव नं ६-* काम कार्वाही अनुमोदन सम्बन्धमा।

**निर्णय नं ६-** प्रस्ताव नं ६ माथी २०औं गाउँ सभाको दोस्रो बैठकमा छलफल गर्दा सभाध्यक्ष श्री वंम प्रसाद लावतीले कुम्मायक गाउँपालिकाको कार्यालयबाट आ.व. २०८२/०८३ मा भएका, वडा कार्यलयबाट भएका, न्यायीक समितिबाट भएका, विषयगत शाखाहरुबाट भएका काम कार्वाहीहरु अनुमोदन गरियोस भनी राखेको प्रस्ताव सर्वसहमतबाट अनुमोदन गर्ने निर्णय गरियो ।

*प्रस्ताव नं ७-* सेवा करारमा कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

**निर्णय नं ७-** प्रस्ताव नं ७ माथी २०औं गाउँ सभाको दोस्रो बैठकमा छलफल हुँदा सभाध्यक्ष श्री वंम प्रसाद लावतीले सेवा करारमा कर्मचारी म्याद थप सम्बनधी राखेको प्रस्तावमा गाउँपालिका कार्यलय, कुम्मायक आधारभूत अस्पताल, वडा कार्यलय, स्वास्थ्य संस्थाहरुमा कार्यरत सेवा करारका कर्मचारीहरुको म्याद थप गर्ने सर्ब समतिबाट निर्णय गरियो ।

*प्रस्ताव नं ८-* कुम्मायक गाँउपालिकाको प्रशासकीय भवन निर्माण लागत साझेदारी गर्ने सम्बन्धमा ।

**निर्णय नं ८-** प्रस्ताव नं ८ माथी २०औं गाउँ सभाको दोस्रो बैठकमा छलफल गर्दा सभाध्यक्ष श्री वंम प्रसाद लावतीले कुम्मायक गाउँपालिकाको प्रशासकीय भवन निर्माण लागत साझेदारीको निर्णय गरियोस भनी राखेको प्रस्ताव **"स्थानीय तह को प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम संचालन कार्यविधि २०७९"** को दफा (३) को उपदफा ४ बमोजिम लागत साझेदारी गर्ने सर्वसहमतबाट निर्णय गरियो ।

*प्रस्ताव नं ९-* ह्युमेन प्राक्टिस फाउण्डेसनले निर्माण गर्ने विद्यालय भवनको लागत साझेदारी सम्बन्धमा ।

**निर्णय नं ९-** प्रस्ताव नं ९ माथी २०औं गाउँ सभाको दोस्रो बैठकमा छलफल हुँदा सभाध्यक्ष श्री वंम प्रसाद लावतीले ह्युमेन प्राक्टिस फाउण्डेसनले विद्यालय भवन निर्माण गर्ने भएमा लागत साझेदारी गर्ने सम्बन्धमा राखेको प्रस्ताव सर्वसहमतबाट निर्णय पारित गरियो ।

*प्रस्ताव नं १०-* सशस्त्र प्रहरी वल राख्ने सम्बन्धमा ।

**निर्णय नं १०-** प्रस्ताव नं १० माथी २०औं गाउँ सभाको दोस्रो बैठकमा छलफल गर्दा सभाध्यक्ष श्री वंम प्रसाद लावतीले कुम्मायक गाउँपालिकाको वडा नं ३ मा करिडोर क्षेत्रको सुरक्षाको लागी सशस्त्र प्रहरी वल चौकी स्थापना गर्ने सम्बन्धमा राखेको प्रस्ताव सर्वसहमतीबाट पारित गर्ने निर्णय गरियो ।

प्रमाणित

बम प्रसाद लावती
अध्यक्ष

**प्रस्ताव नं ११**- सेपेनी आधारभूत स्वास्थ्य चौकी दर्ता सम्बन्धमा।

**निर्णय नं ११**- प्रस्ताव नं ११ माथी २०औं गाउँ सभाको दोस्रो बैठकमा छलफल गर्दा सभाध्यक्ष श्री वंम प्रसाद लावतीले कुम्मायक गाउँपालिकाको वडा नं ३ मा रहेको सेपेनी आधारभूत स्वास्थ्य चौकी सम्बन्धित निकायमा दर्ता गर्ने सम्बन्धमा राखेको प्रस्ताव सर्वसहमतीबाट पारित गर्ने निर्णय गरियो।

**प्रस्ताव नं १२**- कुम्मायक आधारभूत अस्पताल सञ्चालन सम्बन्धमा।

**निर्णय नं १२**- प्रस्ताव नं १२ माथी २०औं गाउँ सभाको दोस्रो बैठकमा छलफल गर्दा सभाध्यक्ष श्री वंम प्रसाद लावतीले कुम्मायक आधारभूत अस्पताल तत्काल सञ्चालन गर्नको लागि अस्पताल व्यवस्थापन समितिलाई निर्देशन दिने सम्बन्धमा राखेको प्रस्ताव सर्वसहमतीबाट पारित गर्ने निर्णय गरियो।

**प्रस्ताव नं १३**- यासोक प्रहरी चौकी स्तरोन्नती सम्बन्धमा।

**निर्णय नं १३**- प्रस्ताव नं १३ माथी २०औं गाउँ सभाको दोस्रो बैठकमा छलफल गर्दा सभाध्यक्ष श्री वंम प्रसाद लावतीले कुम्मायक गाउँपालिकाको यासोक प्रहरी चौकी लाई स्तरोन्नती गर्नको लागि सम्बन्धीत निकाय संग माग गर्ने सम्बन्धमा राखेको प्रस्ताव सर्वसहमतीबाट पारित गर्ने निर्णय गरियो।

**प्रस्ताव नं १४**- स्थानीय काम काजी लिम्बु भाषा सम्बन्धमा।

**निर्णय नं १४**- प्रस्ताव नं १४ माथी २०औं गाउँ सभाको दोस्रो बैठकमा छलफल गर्दा सभाध्यक्ष श्री वंम प्रसाद लावतीले कुम्मायक गाउँपालिकाको काम काजी भाषाका रुपमा लिम्बु भाषालाई प्रयोग गरियोस भनि राखेको प्रस्तावलाई आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रममा समेटेर जाने सर्वसहमतीबाट पारित गर्ने निर्णय गरियो।

**प्रस्ताव नं १५**- कुम्मायक गाँउपालिकाको यासोक बजारमा नेपाल विद्युत प्राधिकरणको उपशाखा स्थापना गर्ने सम्बन्धमा।

**निर्णय नं १५**- प्रस्ताव नं १५ माथी २०औं गाउँ सभाको दोस्रो बैठकमा छलफल गर्दा यासोक फ्युज सेवा तथा महसुल संकलन केन्द्र मार्फत कुम्मायक, मिक्लाजुङ्, तुम्वेवा तथा फाल्गुनन्द गाउँपालिकाका विद्युत ग्राहकहरुलाई सेवा पुर्याउँदै आएको भएता पनि प्राविधिक मर्मत सम्भार, नयाँ जडान, मिटर व्यवस्थापन, विविध काउन्टर सेवा लगायतका विद्युत् सम्बन्धी सम्पूर्ण सेवाहरू प्रभावकारी रूपमा उपलब्ध गराउन भौगोलिक दूरी तथा क्षेत्रगत कठिनाइ उत्पन्न भईरहेकोले भौगोलिक सहजता, सेवाग्राहीको चाप तथा प्रभावकारी सेवा प्रवाहलाई मध्यनजर गर्दै कुम्मायक गाउँपालिका यासोकमा नेपाल विद्युत प्राधिकरणको उपशाखा स्थापना गर्न अत्यन्त जरुरी भएकोले उपशाखा स्थापनाका लागि जिल्ला/क्षेत्रीय कार्यालयमा आवश्यक समन्वय, सिफारिस तथा पहल गरियोस भनि सभाध्यक्ष श्री वंम प्रसाद लावतीले राखेको प्रस्ताव सर्वसहमतीबाट पारित गर्ने निर्णय गरियो।

बम प्रसाद लावती
अध्यक्ष

***प्रस्ताव नं १६***- भुमी बैंक स्थापना सम्बन्धमा ।

**निर्णय नं १६**- प्रस्ताव नं १६ माथी २०औं गाउँ सभाको दोस्रो बैठकमा सभाध्यक्ष श्री बंम प्रसाद लावतीले भुमी बैंक स्थापना गर्ने सम्बन्धमा राखेको प्रस्ताव उपर छलफल हुँदा आ.व.२०८३/०८४ मा भुमी बैंक स्थापनाका लागि आवश्यक व्यवस्था मिलाउने सर्वसहमतीबाट पारित गर्ने निर्णय गरियो ।

***प्रस्ताव नं १७***- धन्यवाद सम्बन्धमा ।

**निर्णय नं १७**- प्रस्ताव नं १७ माथी २०औं गाउँ सभाको दोस्रो बैठकमा छलफल गर्दा सभाध्यक्ष श्री बंम प्रसाद लावतीले कुम्मायक गाउँपालिकाको जनप्रतिनिधिहरु, पूर्व जनप्रतिनिधिहरु, राजनितिक दलहरु, कुम्मायक गाउँपालिकाको सम्पुर्ण नागरीकहरु, पत्रकारहरु, कर्मचारीहरु लगायत सम्पुर्णलाई आ.व २०८३/०८४ को गाँउ सभा सफल पार्न सहयोग पुर्याउनुभएकोमा हार्दिक धन्यवाद दिने निर्णय गरियो ।

बम प्रसाद लावती
अध्यक्ष